जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २९७ २०८२ साल असार १९ गते बिहीबार (3 July 2025 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : 'नोबेल पुरस्कार' सम्मै पुगेका ३ पृष्ठमा : 'ठूला जलविद्युत् आयोजना ... ३ पृष्ठमाबङ्गलादेशका पूर्व प्रधानमन्त्री.

## भ्रामक समाचार हाल्नेविरुद्ध कानुन अनुसार अघि बढ्ने : पत्रकार महासंघ सप्तरी



**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

नेपाल पत्रकार महासंघ, शाखा सप्तरीले "शिर्ष खबर डट्कम" मा प्रकाशित समाचारप्रती गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका सहसचिव डम्बर राईद्वारा बुधबार जारि प्रेस विज्ञप्तिमा महासंघको अतिथि गृह निर्माण क्रममा मधेश प्रदेशका तत्कालीन अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहलाई कमिसन दिएको भनेर सुनियोजित ढंगले समाचार प्रकाशित गरिएको ठहर गरेको छ ।

"शिर्ष खबर डट्कम" ले पटक पटक महासंघका पदाधिकारीलाई बदनाम गर्न सुनियोजित ढंगले तथ्यहिन भएर एकतर्फी रुपमा भ्रमपूर्ण सामग्री प्रकाशन गर्दै आएकोमा नेपाल पत्रकार महासंघ, शाखा सप्तरी यस किसिमको भ्रामक समाचार हाल्नेविरुद्ध कानुन अनुसार अघि बढ्ने समेत विज्ञप्तिमा जनाइएको छ ।

"समाचारमा भनिएजस्तो कसैलाई पनि कुनै किसिमको कमिसन नदिइएको प्रष्ट पार्न चाहन्छौं । समाचारमा राखिएको फोटो पनि हाम्रो आधिकारिक नभएको अवगत गराउँदछौं ।" विज्ञप्तिमा भनिएको छ, "तत्कालीन मधेश प्रदेश सरकारको सहयोगमा तीन तल्ला 'पत्रकार अतिथि गृह (भवन)' २०८० सालमै निर्माण भएको सर्वविदितै छन् । मधेश प्रदेशका तत्कालीन अर्थ मन्त्री साह र नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष शम्भु झाको विशेष पहलमा नेपाल पत्रकार महासंघको अतिथि गृह निर्माणका लागि पहिलो पटक रु. २५ लाख र दोश्रो पटक रु. ६० लाख विनियोजन भएको जानकारी गराउँदछु । उक्त बजेटले तीन तल्ला भवनमा आठ वटा कोठा निर्माण गरिएको छ । ४ वटा कोठा एट्याच बाथरुमसहितको डिलक्स बनाइएको छ । भुइँ तल्लामा पार्किङ र क्यान्टिन पनि निर्माण भएको छ । उक्त भवन निर्माणका लागि कुल ८५ लाख बिनियोजन हुँदा पनि महासंघले झण्डै १२ लाख कम अर्थात् ७३ लाख मात्रै खर्चिएको हो । यसरी हेर्दा बाँकी झण्डै १२ लाख बजेट प्रदेश सरकारकै खातामा फिर्ता भएको छ । भवन निर्माणमा कुनै किसिमको अनियमितता भएको छैन ।"

अन्तमा विज्ञप्तिमा बिना कारण नेपाल पत्रकार महासंघ, सप्तरी र पदाधिकारीलाई निरन्तर बदनाम गराउने कुकृत्यप्रति हामी घोर भत्सर्ना गर्दै यस किसिमको तथ्य बिनाको समाचार नलेख्न र समाचार लेख्दा पत्रकारिता आचारसंहिताको पूर्ण पालन गर्न आग्रह समेत गरिएको छ ।

## संविधानसभा सदस्य यादवको निधन

**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

संविधानसभा सदस्य रामअयोध्या यादवको निधन भएको छ । लामो समयदेखि मिर्गौलाको समस्याबाट पीडित उहाँको ७२ वर्षको उमेरमा वीरगञ्जस्थित हेल्थकेयर अस्पतालमा बुधबार बिहान निधन भएको उनका छोरा डा जितेन्द्र यादवले जानकारी दिएका छन् ।

बाराको सुवर्ण गाउँपालिका २ कवहीजगात गाउँका यादव २०७० सालको संविधानसभा निर्वाचनमा बारा क्षेत्र नं १ बाट कांग्रेसबाट निर्वाचित भएका थिए । उनका दुई छोरा, दुई छोरी र श्रीमती छन् ।

नेपाली काँग्रेस सप्तरीका सचिव सनत मण्डलले एक शोक मन्तव्य जारि गर्दै उनको निधनले पार्टीलाई अपूर्णीय क्षति भएको उल्लेख गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।

यस्तै नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले संविधानसभा सदस्य एवं कांग्रेस बाराका पूर्वजिल्ला सचिव रामअयोध्याप्रसाद यादवको निधनप्रति दुःख व्यक्त गरेका छन् ।

सभापति देउवाले बुधबार शोक विज्ञप्तिमार्फत उनीप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् ।

यादवले कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । उनको निधनबाट कांग्रेसले एक अग्रज र अनुभवी राजनीतिज्ञलाई गुमाएको जनाएको छ ।

## अस्पतालभित्रै महिलामाथि बलात्कारको प्रयास गर्ने पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

सप्तरीको खडक नगरपालिका स्थित कल्याणपुरमा रहेको एडभान्स अस्पतालभित्रै एक महिलामाथि बलात्कारको प्रयास भएको घटना बाहिरिएको छ ।

अस्पतालमा उपचार गराउन आएकी एक महिलामाथि त्यहाँका ल्याब असिटेन्ट श्यामकुमार मंडलले बलात्कारको प्रयास गरेको घटना बाहिरिएको हो ।

घटनाका आरोपित ल्याब असिस्टेन्ट श्याम कुमार मण्डललाई प्रहरीले पक्राउ गरी जबरजस्ती करणीको मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिनुभयो ।

ख्डक नगरपालिका कि २१ वर्षीया पीडित महिला बिहीबार राती करिब ११ बजे पिसाब अडिएर पेट दुखेको समस्याका कारण एम्बुलेन्सबाट उपचारका लागि एडभान्स अस्पताल पुग्नु भएकी थिईन ।

अस्पताल पुगेपछि त्यहाँ कार्यरत ल्याब असिस्टेन्ट मण्डलले भिडियो एक्स-रे कक्षमा लगेर गोप्य अंगहरुमा जथाभावी हात हाल्ने र सुम्सुमाउन थालेको र पीडित महिलाको आरोप छ । त्यसपछि आरोपित मण्डलले अर्को कोठामा लगेर पाइप मार्फत अडिएको पिसाब निकालेपछि जबरजस्ती गर्न खोजेको पीडितको भनाइ छ ।

घटना भएको भोली पल्ट शुक्रबार बिहानै ईलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी दर्ता गराएपछि अनुसन्धान अगाडी बढाइएको हो ।

घटनाका आरोपित मण्डललाई ईलाका प्रहरी कार्यालय कल्याणपुरले सोही बेला पक्राउ गरिसकेको र जाहेरी दर्ता गरी घटनाको विस्तृत अनुसन्धान प्रक्रिया अगाडि बढाइसकिएको प्रहरी प्रवक्ता बस्नेतले बताउनुभयो ।

## 'ग्रे लिस्ट' बाट बाहिर निस्कन सुनचाँदीमा विलासिता कर

काठमाडौं, १८ असार (रासस) ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल अहिले सम्पत्ति शुद्धीकरण मामिलामा वित्तीय कारबाही कार्यदल (फाइनान्सियल एक्सन टाक्सफोर्स-एफएटिएफ) को

*बाँकी अन्तिम पृष्ठमा*

## धनुषामा छुरा प्रहार गरी एक वृद्धको हत्या

**दैनिक समाचारदाता**
**धनुषा, १८ असार ।**

धनुषामा छुरा प्रहार गरी एक वृद्धको हत्या गरिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार हत्या भएका वृद्धलाई आफ्नै ज्वाइँले छुरा प्रहार गरी हत्या गरेको हो ।

जनकपुरधाम उपमहानगरपालिका-१५ कुवारामपुर बस्ने ६५ वर्षीय वासुदेवप्रसाद विमलको हत्या भएको प्रहरीले जनाएको छ । विमललाई उनकै ज्वाइँ जनकपुरधाम-२१ कुर्थाका ४८ वर्षीय बेचन महासेठले बुधबार बिहान १० बजे घरमै छुरा प्रहार गरेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय प्रवक्ता प्रहरी नायव उपरीक्षक वरुणबहादुर सिंहका अनुसार जग्गासम्बन्धी घरायसी विवादका कारण बेचनले ससुरालाई घरमै छुरा प्रहार गरेका हुन् । ज्वाँइले पेटमा चक्कु प्रहार गरेपछि वासुदेव गम्भीर घाइते भएका थिए ।

वृद्धलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरमा पुऱ्याइएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । घटनापश्चात् चक्कु प्रहार गर्ने ज्वाइँ बेचन फरार छन् । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## पूर्वराष्ट्रपति भण्डारीले सुरक्षाबाहेक कुनै पनि सेवा सुविधा नलिने घोषणा

**दैनिक समाचारदाता**
**काठमाडौँ, १८ असार ।**

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले पूर्वराष्ट्र प्रमुखका हैसियतले नेपाल सरकारले उपलब्ध गराउने सेवासुविधामध्ये सुरक्षाबाहेक कुनै पनि सेवासुविधा बुधबारकै मितिदेखि नलिने घोषणा गरेकी छिन् ।

उनको सचिवालयबाट गृह मन्त्रालयका सचिवलाई सम्बोधन गरी लेखिएको पत्रमा पूर्वराष्ट्रपति भण्डारीले बुधबारकै मितिदेखि लागू हुनेगरी सुरक्षाबाहेकका कुनै पनि सेवासुविधा नलिने निर्देशन भएको उल्लेख छ ।

पूर्वराष्ट्रपति भण्डारीले आफ्नो कार्यकाल पूरा गरी सेवानिवृत्त भएपछि पूर्वराष्ट्र प्रमुखका हैसियतले नेपाल सरकारले उपलब्ध गराउने सेवासुवधा लिँदै आएकी थिइन् ।



# 'नोबेल पुरस्कार' सम्मै पुगेका गिरिजाबाबुका लागि कांग्रेसले के गऱ्यो, अब के गर्ने ?

**डा शोभाकर पराजुली**

काठमाडौँ, १८ असार (रासस)।

विसं २०६६ मा तत्कालीन नेपाल सरकारले पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालालाई नोबेल शान्ति पुरस्कारका लागि सिफारिस गरेको थियो।

नेपालस्थित नर्वेको दूतावास अनि नेपाल सकारकार सिफारिस पत्र र अन्य कागजपत्रहरू लिएर स्व कोइरालाका एकजना विश्वासपात्र मनोनयनका लागि नर्वे नै पुग्नुभयो। नर्वे जिएन नोबेल कमिटीमा गिरिजाप्रसाद कोइरालालाई नोबेल शान्ति पुरस्कारका लागि मनोनयनका सबै प्रक्रिया पूरा भएको थियो। तर त्यसपछि न नेपाल सरकारले त्यसका लागि पहल गऱ्यो न पार्टीले नै कुनै चासो लियो। आज त्यो प्रसङ्ग पुराना भइसकेको छ। नेपाल सरकार अनि नेपाली कांग्रेससँगै पनि ती प्रमाणहरू सायद अहिले छैनन् होला। तर उहाँलाई चाहनेहरूले ती सबैको दस्तावेजीकरण गरेर राखेका छन्। जति प्रतिस्पर्धी पार्टीले गिरिजाप्रसाद कोइरालालाई आज सम्भने गर्छन्। नेपाली कांग्रेसले उति नै बिर्सिदै गएको छ। सम्झिनुपर्ने गिरिजाबाबु मात्रै एक व्यक्ति वा नाम मात्रै होइन, बरु गिरिजाप्रसाद कोइराला नेपाली प्रजातान्त्रिक आन्दोलन र परिवर्तनको एक निर्णायक इतिहास पनि हो।

असार १८ गते गिरिजाबाबु जन्मिएको दिन हो। २०६२/६३ को जुन परिवर्तन थियो त्यो वास्तवमै नेपालमात्र होइन विश्व राजनीतिक इतिहासकै एउटा अद्भूत थियो। त्यसलाई हामीले जसरी सामान्य हिसाबले लियौँ, आज त्यसको परिणाम हामीले दुई दशकमै हामीले फेरेको व्यवस्थाप्रति यतिधेरै घृणा र असन्तुष्टिहरू जन्माइसकेका छौँ।

नेपालमात्रै होइन त्यो बेला संयुक्त राष्ट्र सङ्घीय मिसनका प्रमुख इयान मार्टिनले पनि गिरिजाप्रसाद कोइरालालाई शान्तिका एक ऐतिहासिक नायक भनेका थिए। २०६३ सालको जनआन्दोलनको सफलता र त्यसपछि लोकतन्त्रको पुनर्बहालीपछि केही समय गिरिजाबाबु अन्तरिमरुपमा राष्ट्र प्रमुख अनि सरकार प्रमुखसमेत हुनुभयो। त्यो बेला भारत भ्रमणमा जानुभएका कोइरालालाई तत्कालीन भारतीय प्रधानमन्त्री मनमोहन सिंहले समेत 'एसियाकै महान् नेता' भनेर सम्मान गर्नुभएको थियो। यो सम्मान मात्रै गिरिजाबाबु वा उहाँको राजनीतिक विरासतलाई थिएन बरु त्यो सम्मान त सिङ्गो नेपाल र नेपाली अनि सिङ्गो विश्वका लागि एक सन्देश थियो। जो निरङ्कुशता, हरेक राजनीतिक वादका उग्रता अनि शक्तिकेन्द्र सामु कहिल्यै भुक्न जानेन। बरु उसले आफ्नो ज्यान नै दाउमा लगायो तर जनताका अधिकारसँग कहिल्यै कुनै शक्तिसँग सम्झौता गर्न जानेन। त्यसैको परिणाम बरु नेपालको इतिहासबाट एउटा वंशानुगत शासकीय परम्पराको इतिहास नै मेटियो तर उसले जनताका अधिकार र सार्वभौमिकतालाई स्थापित गरेरै छोड्यो। त्यस्तो महान् राजनीतिक हस्ती हो गिरिजाप्रसाद कोइराला।

विसं २०६३ ४ गते पुनःस्थापित प्रतिनिधिसभाले सारा अधिकारहरू कटौती गरेर तत्कालीन 'राजा' ज्ञानेन्द्र शाहलाई 'निलम्बन' गरेको थियो। राजा निलम्बन अर्थात् 'अधिकारविहीन' भएको अनि राष्ट्रपति नभइसकेको त्यो समय गिरिजाप्रसाद कोइराला नै राष्ट्राध्यक्षको रुपमा हुनुहुन्थ्यो।

नेपालको राजनीतिक इतिहासमा त्यो पहिलोपटक भइरहेको जहाँ एक सामान्य नागरिक राष्ट्रप्रमुख र सरकार प्रमुख भएर राजकाज चलाइरहेको थियो। विश्व राजनीतिक इतिहासमा पनि त्यो अलि दुर्लभ अनि मौलिक तरिका थियो। माओवादीलाई पनि संसदीय राजनीतिमा ल्याउनका लागि गिरिजाप्रसाद कोइराला आफ्नो सारा राजनीतिक जीवन नै दाउमा लगाउनुभएको थियो। 'गणतन्त्र'को बटमलाइनबाट टसमस नभइरहेको माओवादी १० वर्षसम्म राज्यविरुद्ध लडेर आएको एउटा विद्रोही राजनीतिक पार्टी थियो।

लामो समय हतियार युद्ध लडेको पार्टीलाई सम्हाल्न आफैँमा धेरै चुनौतीहरू थिए। त्यसमा पनि 'राजा फाल्ने' विषय भनेको कम्ती चुनौतीपूर्ण थिएन। राजा राख्ने कि नराख्ने भनेर दलहरू आफैँमा विभाजित थिए।

माओवादी जसरी भए पनि राजा फाल्ने जिद्दीमा थियो। अरु पार्टीहरू 'हो' मा 'हो' मिलाउँथे। तर सबैले त्यसका लागि 'गिरिजाबाबु' को निर्णय पर्खिरहेका थिए। तर त्यसबारेमा गिरिजाबाबु खुलेर बोल्नुभएको थिएन।

त्यसअघि नै माओवादी भस्किसकेको थियो। २०६२ साल कात्तिक ७ गते सात तत्कालीन राजनीतिक दल र सशस्त्र युद्धरत नेकपा माओवादीबीच भएको सात १२ बुँदे समभ्रदारीमा 'निरङ्कुश राजतन्त्रको अन्त्य' भनेर लेखिएको थियो।

त्यो बुँदामा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई मनाउन निकै धौ-धौ भएको थियो। त्यसका लागि गिरिजाबाबुले निकै मेहनत पनि गर्नुभयो। प्रचण्ड जी त 'त्यो हुँदै हुन्न' भनेर सात पटकसम्म संवाद छोड्नुभएको थियो। तर गिरिजाबाबुले 'निरङ्कुश राजतन्त्रको अन्त्य' भनेकै 'राजतन्त्रको अन्त्य' हो भनेर व्याख्या गर्नुभयो। ऐतिहासिक शान्ति सम्झौताको प्रस्थान विन्दु मानिने त्यो १२ बुँदे समभ्रदारीको ३ नम्बर बुँदामा यस्तो लेखिएको छ। यही बुँदामा उल्लेख गरिएको 'निरङ्कुश राजतन्त्रको अन्त्य' भन्ने ठाउँमा 'राजतन्त्रको अन्त्य' मात्रै लेख्न चाहन्थ्यो माओवादी। आज पनि त्यही आधारमा २०६२/०६३ को जनआन्दोलनको राजतन्त्रकै अन्त्य गर्ने मनसाय थिएन भन्ने भाष्यहरू निर्माण भएका छन्।

तर गिरिजाबाबुले त्यो बेला निकै सोचीसम्झी त्यो शब्द राख्नुभएको थियो। २४० वर्षसम्म अविछिन्न एउटा शासक वर्गकै अन्त्य कम्ता चुनौतीपूर्ण थिएन। देश आन्तरिक 'गृहयुद्ध' ले थिलथिलो भइसकेको थियो। त्यसैले गिरिजाबाबु थप रक्तपात चाहनुभएको थिएन। सिधै राजा र राजसंस्थाकै अन्त्य गर्ने भनिएपछि त्यसबाट अनेकथरि प्रतिक्रान्ति हुनसक्थ्यो वा रक्तपात हुनसक्थ्यो। सदियौँदेखि दरबारप्रति बफादार र उत्तरदायी भएर बसेको नेपाली सेनाभित्रै त्यसले विद्रोह पनि निम्त्याउनसक्थ्यो। तर गिरिजाबाबुले निकै चलाखीपूर्वक बिनारक्तपात शान्तिपूर्ण ढङ्गबाट एउटा इतिहासको पाना नै च्यूत गरिदिनुभयो। एक सफल राजनेताको गुण भनेको यस्तो हुनुपर्छ।

विश्वका कतिपय विवादित व्यक्तिहरूले पनि नोबेल पुरस्कार पाएको इतिहास जिउँदै छन्। ल्याटिन अमेरिकाकी देशहरूमा असफल सावित शान्ति प्रक्रियाका लागि समेत पश्चिमा देशहरूबाट नोबेल पुरस्कार पाएका छन्। किनकि उनीहरूसँग शक्ति थियो, पहुँच थियो र पहल थियो। नेपालको शान्ति प्रक्रिया त आफैँमा एक मौलिक प्रयोग र प्रयास थियो। जो सफल पनि भइसकेको छ। माओवादी जनयुद्धको सहज, शान्त र सफल अवतरण कम्ता चुनौतीपूर्ण थिएन। तथापि आफ्ना सारा राजनीतिक जीवनलाई दाउमा लगाएरै भए पनि गिरिजाबाबुले माओवादीसँग सम्झौता गर्न तयार हुनुभयो। त्यो भनेको उहाँको व्यक्तिगत महत्वकांक्षा थिएन बरु जनताको चाहनाबमोजिम उहाँले आफूले आफैँलाई व्यक्तिगत र सैद्धान्तिक रुपमा पनि बदल्नुभएको थियो। जसका कारण देश युद्धको दलदलबाट निस्कियो। छिमेकी राष्ट्र भारतले नौवटा नोबेल पुरस्कार भित्र्याइसकेको छ। यद्यपि भारतकै एक महान् शान्तिगामी नेता महात्मा गान्धीलाई चार चार पटक मनोनयन गर्दासमेत नोबेल पुरस्कार दिइएन। उत्तरी छिमेकी चीनले छ पटक नोबेल जितिसकेको छ। बङ्गलादेशले दुई र पाकिस्तानले समेत एकपटक नोबेल पाइसकेको छ। अझै पनि समय छ। मरणोपरान्त नोबेल पुरस्कार दिइएका इतिहास पनि छन्। त्यसका लागि अब नेपाली कांग्रेसले फेरि प्रयास किन नगर्नेरु यसतर्फ हाम्रो नेतृत्वले ध्यान दिन जरुरी छ। किनकि इतिहास भनेको हिजोको एउटा घटना वा परिघटना मात्रै होइन। इतिहासले वर्तमान चिनाउँछ र भविष्यको बाटो उघार्ने हो। नेपाली कांग्रेसलाई चाहने लाखौँ कार्यकर्ता र शुभेच्छुक अझ भनौँ आज लोकतान्त्रिक समाजवादको राजनीतिक धारमा आउन चाहने नयाँ पुस्ताका लागि इतिहासका यस्ता महान् राजनेताहरूको पहिचान जीवन्त राख्नु आवश्यक छ। (लेखक श्री पराजुली नेपाली कांग्रेसका नेता हुनुहुन्छ। यहाँ प्रस्तुत धारणा उहाँका निजी विचार हुन्।)


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'बजेट तथा कार्यक्रमले किसानहरुलाई प्रत्यक्ष लाभ हुन्छ'

काठमाडौँ, १८ असार (रासस)।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले विनियोजित कुल बजेटको करिब ७० प्रतिशतभन्दा बढी बजेट तथा कार्यक्रमले किसानहरुलाई प्रत्यक्ष रुपमा लाभ हुने बताउनुभएको छ।

राष्ट्रियसभामा विनियोजन विधेयक २०८२ अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित विनियोजित शिर्षकहरु माथि उठेका सवालहरुको जवाफ दिँदै उहाँले बर्सेनि पाँच हजारभन्दा बढी कृषि सहकारीहरुमार्फत करिब २२ लाख बढी किसानलाई मल उपलब्ध हुनु, एक लाख ६३ हजार बढी कृषि बिमालेख कार्यान्वयनले किसानलाई लाभ पुग्छ भन्नुभयो।

मन्त्री अधिकरीले आठ लाख पशुवस्तुमा कृत्रिम गर्भाधान सेवा विस्तार हुनु, करिब पाँच करोड ५० लाख डोज खोप उपलब्ध उत्पादन तथा वितरण हुने बताउनुभयो। विभिन्न बालीहरुको क्षेत्र विस्तार, सिञ्चित क्षेत्र विस्तार, यान्त्रिकीकरण प्रवर्द्धनलगायतका कार्यक्रमले किसानलाई प्रत्यक्ष रुपमा लाभ हुने देखिने उहाँको भनाइ छ।

मन्त्री अधिकारीले कृषि क्षेत्रमा भएको बजेट विनियोजन प्रयाप्त नभएको भन्दै चालु आवमा राष्ट्रिय बजेटको तीन दशमलव ०८ प्रतिशत बजेट कृषि क्षेत्रका लागि विनियोजन भएकोमा आगामी आवमा कृषि क्षेत्रका लागि विनियोजित बजेट २ दशमलव ९३ प्रतिशत रहेको बताउनुभयो।

"आगामी आव ०८२/८३ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका लागि विनियोजित कुल बजेट रु ५० अर्ब ६८ करोडमध्ये करिब ५५ प्रतिशत बजेट रसायनिक मल आपूर्तिका लागि छुट्याइएको छ", उहाँले भन्नुभयो, "त्यसबाहेक कृषि बिमा, कृषि अनुसन्धान, खाद्य प्रविधि, पशुनश्ल र रोग नियन्त्रण, वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनालगायतका अनिवार्य र प्रतिबद्ध प्रकृतिका बजेट उपशीर्षकका लागि बढी बजेट विनियोजन भएकोले केही विषय र क्षेत्रहरुका समस्या सम्बोधन गर्न छुटेको छ।"

मन्त्री अधिकारीका अनुसार कृषि क्षेत्रमा हुने बजेट विनियोजनको सन्दर्भमा कुरा गर्दा संवैधानिक व्यवस्थाअनुसार कृषि विकास र प्रसारको प्रमुख भूमिका प्रदेश र स्थानीय तहमा हुनु, सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिमित कार्यक्षेत्र, सीमित संरचना र जनशक्ति र सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेश र स्थानीय तहमा जाने अनुदान रकम घट्दै जानुले कृषि क्षेत्रमा बजेट विनियोजन गर्न सकिने दायरा घट्दै गएको देखिन्छ।

आम किसानहरु सेवा र हितका लागि बजेट विनियोजन गरिएको भन्दै उहाँले बजेटबाट कुनै निश्चित व्यक्ति वा संस्थालाई लाभ हुने गरी कुनै पनि प्रकारको बजेट विनियोजन नभएको स्पष्ट पार्नुभयो।

"चालु आव ०८१/८२ मा रसायनिक मल आयातका लागि रु २७ अर्ब ९५ करोड बजेट विनियोजन भएकोमा २०८२ असार १५ गतेसम्ममा तीन लाख ६९ हजार मे टन मल आयात भइसकेको छ", मन्त्री अधिकारीले भन्नुभयो, "गत वर्षको मौज्दात समेत गरी हालसम्म चार लाख ०८ हजार मे टन मल बिक्री वितरण गरिएको छ। गत वर्षको समेत गरी जम्मा ७४ हजार ६०० मे टन मौजदात रहेको रासायनिक मल समेत हाल बिक्री वितरणको प्रक्रियामा रहेको छ।"

थप एक लाख १६ हजार मे टन मल आयात हुने क्रममा रहेको र असार मसान्तसम्ममा आयात भइसक्ने भन्दै उहाँले मौज्दातमा रहेको र आयात हुने क्रममा रहेको मलबाट धान रोपाइँका लागि आवश्यक माग सम्बोधन गर्न सकिने बताउनुभयो।

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न आगामी आवको बजेटमा प्रमुख बाली, पशुपन्छी र मत्स्य क्षेत्र लक्षित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो।

यसैगरी मन्त्री अधिकारीले सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रमुख रोड कोरिडोर लक्षित राष्ट्रिय फल सुन्तला प्रवर्द्धन कार्यक्रम, चैते धान प्रवर्द्धन कार्यक्रम, हिउँदे तथा वसन्ते मकै प्रवर्द्धन कार्यक्रम र मध्य तथा उच्च पहाडमा सुन्तला, स्याउ, ओखर, तरकारी, आलु, अलैँची, चिया, कफीखेतीका लागि आवश्यक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको व्यवस्था गरिएको बताउनुभयो।

उहाँले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आगामी आव ०८२/८३ को बजेट तथा

*बाँकी अन्तिम पृष्ठमा*

# 'ठूला जलविद्युत् आयोजना निर्माण सरकारको प्राथमिकतामा छन्'

काठमाडौं, १८ असार (रासस) ।
राष्ट्रियसभामाको बुधबारको बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ठूला र जलाशययुक्त जलविद्युत् आयोजना निर्माणलाई सरकारको प्राथमिकतामा राखेको बताउनुभएको छ ।

बैठकमा 'विनियोजन विधेयक, २०८२' अन्तर्गत ऊर्जा मन्त्रालयका सम्बन्धमा उठेका प्रश्नको जवाफ दिँदै ऊर्जामन्त्री खड्काले कर्णाली, माथिल्लो कर्णाली, भेरी, जगदुल्लालगायत आयोजनामा लगानी परिचालन र निर्माण अघि बढाउन सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत प्रतिबद्धता जनाएको बताउनुभयो ।

"जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्का आह्वान भई प्राप्त बोलपत्रहरू मूल्याङ्कन भई आशयको सूचना जारी भइसकेको छ । माथिल्लो कर्णाली जलविद्युत् आयोजना प्रवर्द्धनका लागि विद्युत् ऐन-२०४९ र सार्वजनिक-निजी साझेदारी ऐनअनुसार भारतको ग्रान्धी मल्लिकार्जुन राव (जिएमआर) ग्रुपसँग आयोजना विकास सम्झौता भएको छ", उहाँले भन्नुभयो, "फुकोट कर्णाली आयोजनाको निर्माणका लागि विद्युत् उत्पादन कम्पनी र भारतको एनएचपिसी लिमिटेडबीचको संयुक्त लगानीका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त आयोजनाको सम्झौता खारेज गर्न सर्वोच्च अदालतमा मुद्दा परेकाले आयोजनाको कार्यान्वयनलाई यथास्थितिमा राखिएको छ ।"

सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला तथा कर्णाली प्रदेशको कालीकोट, हुम्ला, जुम्ला र मुगु जिल्ला लाभान्वित हुनेगरी प्रस्तावित मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्ने विषय पनि सरकारको प्राथमिकतामा रहेको मन्त्री खड्काले जानकारी दिनुभयो । विद्युत् उत्पादन कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित उक्त आयोजनाको सम्भाव्यता अध्ययन अन्तिम चरणमा पुगेको बताउँदै उहाँले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको चरणमा रहेको उल्लेख गर्नुभयो ।

बूढीगण्डकी जलविद्युत् आयोजनालाई सार्वजनिक-निजी साझेदारी अवधारणामा अघि बढाइने ऊर्जामन्त्री खड्काले बताउनुभयो । उक्त आयोजनामा सरकारले हालसम्म गरेको पुँजीगत लगानीलाई शेयरमा परिणत गरिने उहाँको भनाइ छ । बूढीगण्डकीको सुदृढ वित्तीय संरचना र स्पष्ट कार्यढाँचासहित निर्माण प्रक्रिया प्रारम्भ गरिने तयारीमा सरकार रहेको उहाँले स्पष्ट पार्नुभयो ।

ऊर्जामन्त्री खड्काले आगामी आर्थिक वर्षको बजेटमा राखिएको 'टेक एण्ड पे'अवधारणामा विद्युत् खरिद गर्नेसम्बन्धी व्यवस्था संशोधन गरिएको बताउनुभयो । उक्त व्यवस्था संशोधनका लागि अर्थ मन्त्रालयलाई पत्र पठाएको उहाँले उल्लेख गर्नुभयो ।

"नेपाल विद्युत् प्राधिकरणबाट प्राप्त सुझावका आधारमा १० मेगावाटसम्मका साना जलविद्युत् आयोजनाका साथै विद्युत् खपत वा निर्यात सुनिश्चित भएका ठूला नदी प्रवाही (रन अफ रिभर) आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता 'टेक एण्ड पे' प्रावधानमा गर्न उपयुक्त हुने भएकाले त्यसलाई संशोधनका लागि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्र पठाएको छ", राष्ट्रियसभा बैठकमा उहाँले भन्नुभयो ।

ऊर्जा क्षेत्र मुलुक निर्माणको मेरुदण्ड रहेको बताउँदै उहाँले नेपालले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले सोहीअनुसार यो क्षेत्रलाई बजेटको प्राथमिकतामा राखिएको उल्लेख गर्नुभयो । विद्युत् उत्पादनको लक्ष्यमा ऊर्जा मिश्रणको नीति अवलम्बन गरिएको, प्रसारण लाइनको क्षमता विस्तार गर्न १७ हजार ४४६ सर्किट किलोमिटर विभिन्न भोल्टेजस्तरका प्रसारण लाइन निर्माण गरी सब-स्टेसनहरूको क्षमता ४० हजार एमभिए पुऱ्याइने लक्ष्य राखिएको उहाँले जानकारी दिनुभयो ।

गत वर्ष वर्षा र बाढीका कारण केही जलविद्युत् योजनामा भएको क्षतिको पुनर्निर्माणका लागि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् विकास विभागलगायत सम्बन्धित निकायसँग समन्वय गरिरहेको मन्त्री खड्काले बताउनुभयो । त्यस्तै, लघु तथा साना जलविद्युत् आयोजनाको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धबस्न केन्द्रद्वारा संयुक्त रूपमा गुरुयोजना तयार भइरहेको उहाँले सदनमा जानकारी गराउनुभयो ।

साना कुलो तथा सिँचाइ नहर प्रणालीले ग्रामीण क्षेत्रको कृषि उत्पादन तथा खाद्य सुरक्षाको सुनिश्चितता गरेको उल्लेख गर्दै ऊर्जामन्त्री खड्काले यस्ता आयोजना बजेटको प्राथमिकतामा परेका स्पष्ट पार्नुभयो ।

"हिमाली तथा पहाडी क्षेत्रलाई लक्षित गरी एकीकृत नदी बेसिन जलस्रोत व्यवस्थापन, टार बजार संरक्षण, जलस्रोत तथा सिँचाइ व्यवस्थापनलगायत कार्यक्रमहरू सञ्चालनमा छन् । यी कार्यक्रममार्फत जलस्रोतको समुचित उपयोग, विपद् जोखिम न्यूनीकरण र कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुग्ने विश्वास छ", उहाँले भन्नुभयो ।

कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देशीय आयोजनमा स्थानीय तथा पर्यावरणीय सरोकार भएकाहरूको अवरोधले विगतमा केही विवाद उत्पन्न भएको जनाउँदै सर्वोच्च अदालतको अन्तिम निर्देशनात्मक आदेशपछि वातावरणीय प्रभाव मूल्याङ्कनको काम प्राथमिकताका साथ अगाडि बढाइएको उहाँले बताउनुभयो ।

वर्षायाम सुरु भएसँगै विद्युत् उत्पादन बढेको र प्रसारण लाइनबाट बढी विद्युत् प्रवाह हुँदा भार व्यवस्थापन गर्ने क्रममा बेलाबखत विद्युत् कटौती गर्नुपरेको मन्त्री खड्काको भनाइ छ । अहिले नेपालमा खपत हुने विद्युत् पर्याप्त मात्रामा रहेको जनाउँदै उहाँले भारतमा समेत निर्यात भइरहेको उल्लेख गर्नुभयो । उहाँले हावाहुरी, चटचाङ, ट्रान्समिसन पड्किनेलगायत प्राविधिक कारणले मात्र विद्युत् कटौती भइरहेको जानकारी गराउनुभयो ।

# 'साइबर जोखिमको पूर्वानुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाइनेछ'

काठमाडौं, १८ असार (रासस) ।
साइबर जोखिमको पूर्वानुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाइने भएको छ ।

राष्ट्रियसभाको बुधबार बसेको बैठकमा विनियोजन विधेयक, २०८२ को विभिन्न शीर्षकमाथिको छलफलअन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको छलफलका क्रममा चौबिसै घण्टा र सातै दिन साइबर सुरक्षा केन्द्रलाई क्रियाशील बनाउँदै साइबर जोखिमको पूर्वानुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाइने बताइएको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङका तर्फबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले विनियोजन विधेयकमा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो । जवाफ दिने क्रममा मन्त्री दाहालले साइबर आक्रमणको पहिचान, रोकथाम र प्रतिकार्य गर्दै उत्थानशील साइबर स्पेस तयार गर्ने उद्देश्यका साथ राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना गरिएको बताउँदै सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्मा दर्ता भइसकेको व्यहोरा जानकारी गराउनुभयो ।

सबै सरकारी निकायको वेबसाइटमा एकरूपताल्याई एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइएको र वेबसाइटमा हुनसक्ने साइबरजन्य सुरक्षा जोखिम न्यूनीकरणको लागि 'वेब मोनिटरिङ' प्रणाली अवलम्बन गरिएको उहाँले बताउनुभयो ।

हाल चौबिसै घण्टा सञ्चालनमा रहेको सरकारी डाटा सेन्टर एकीकृत डाटा व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित र सुरक्षित बनाइने भएको छ । विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवम् प्रेस स्वतन्त्रताप्रति सरकार पूर्ण प्रतिबद्ध छ । आमसञ्चार क्षेत्रलाई मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय बनाउन आवश्यक नीतिगत तथा कानुनी सुधारका लागि विद्यमान ऐन कानुनमा समसामयिक संशोधन तथा नयाँ तर्जुमा गर्ने काम सुरू गरिएको मन्त्री दाहालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "आम सञ्चार माध्यममा सबै नागरिकको पहुँच स्थापित गर्न गोरखापत्रबाट ४५, सार्वजनिक प्रसारण रेडियो नेपालबाट २५, नेपाल टेलिभिजनबाट १४ भाषामा र राष्ट्रिय समाचार समिति(रासस) बाट ३ मातृभाषामा कार्यक्रम प्रकाशन तथा प्रसारण हुँदै आएका छन् । आगामी आवमा थप भाषाहरूमासमेत समाचार सामग्री प्रकाशन र प्रसारण गरिनेछ । सार्वजनिक प्रसारण संस्थाबाट प्रकाशन प्रसारण हुने समग्र कन्टेन्टको गुणस्तर वृद्धि गरी दर्शक तथा स्रोतामैत्री बनाउँदै लगिनेछ ।"

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न सञ्चार माध्यमहरूलाई तथ्यमा आधारित र आधिकारिक सूचना सामग्री उपलब्ध गराई पत्रकारिता क्षेत्रको विश्वसनीयता वृद्धि गर्न प्रेस काउन्सिल नेपालबाट हुने अनुगमनलाई प्रभावकारी बनाइने भएको छ ।मन्त्री दाहालले मध्यपहाडी लोकमार्ग र अन्य लोकमार्गहरूमा अप्टिकल फाईवर बिछ्याइ सेवाको गुणस्तर वृद्धि गरिने बताउनुभयो । साथै सूचना प्रविधि क्षेत्रमा विकसित नवीनतम प्रविधिको उपयोग गर्न एआईसम्बन्धी नीति स्वीकृतिको चरणमा रहेको र आगामी आवमा कृत्रिम बौद्धिकता(एआई) को प्रयोग, प्रवर्द्धन र नियमनका लागि कृत्रिम बौद्धिकता (एआई) केन्द्रको स्थापना गरिने बताउनुभयो ।

चलचित्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी मौलिक, गुणस्तरीय र प्रतिस्पर्धी चलचित्र

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## बङ्गलादेशका पूर्व प्रधानमन्त्री हसिनालाई छ महिनाको जेल सजाय

ढाका, १८ असार (रासस/एएफपी) ।
बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई अदालतको अवहेलना गरेको अभियोगमा बुधबार दोषी ठहर गर्दै ६ महिनाको जेल सजाय सुनाइएको छ ।

सन् २०२४ को अगष्टमा विद्यार्थी नेतृत्वको विद्रोहको उत्कर्षमा ७७ वर्षीया हसिना छिमेकी मुलुक भारत पलायन हुनुभएको थियो उहाँले ढाका फर्कन दिइएको अदालतको आदेशको अवज्ञा गर्नुभएको थियो ।

अदालतको फैसलापछि मुख्य अभियोजक मोहम्मद ताजुल इस्लामले पत्रकारसँग भन्नुभयो, "उहाँ बङ्गलादेश पुगेको दिन वा अदालतमा आत्मसमर्पण गरेकै दिन सजाय भुक्तान गर्नुहुनेछ ।"

यो मुद्दा अभियोजनकर्ताले पूर्वप्रधानमन्त्रीलाई सत्ताबाट हटाइएपछि उहाँले गरेको टिप्पणीमा केन्द्रित थियो, जुन उनीहरूले जारी अदालती सुनुवाइमा साक्षीहरूलाई धम्की दिएको बताएका थिए । इस्लामले भन्नुभयो, "उहाँको टिप्पणीले मुद्दा दायर गर्नेहरू र साक्षीहरूबीच डरको आभा पैदा गरेको अभियोजन पक्षको जिकिर छ ।"

प्रतिबन्धित अवामी लिगका देशबाहिर रहेका अर्का नेता शकिल अकाण्डा बुलबुललाई सोही मुद्दामा दुई महिनाको जेल सजाय सुनाइएको थियो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार गत वर्षको जुलाईदेखि अगष्टसम्ममा हसिनाको सरकारले सत्तामा टिक्न असफल प्रयासस्वरुप प्रदर्शनकारीमाथि कारबाही गर्न आदेश दिएपछि एक हजार ४०० जनाको मृत्यु भएको थियो ।

जुन १ देखि सुरु भएको अर्को सुनुवाइमा अभियोजनकर्ताहरूले हिंसाका लागि हसिनाले समग्र कमाण्डको जिम्मेवारी लिएको बताएका छन् । उहाँका सरकारी वकिलले बङ्गलादेशी कानुनअनुसार मानवताविरुद्धको अपराधका विभिन्न आरोप अस्वीकार गरेको बताएका छन् ।

## भारतको बङ्गलादेश क्रिकेट भ्रमण पुनर्निर्धारित हुनसक्छ

ढाका, १८ असार (रासस/एएफपी) ।
भारत सरकारबाट स्वीकृति आवश्यक पर्ने भएकाले भारतको अगस्टमा हुने बङ्गलादेशको सेतो बल (ह्वाइट बल) को भ्रमण पुनर्निर्धारित हुनसक्ने बङ्गलादेशका एक वरिष्ठ क्रिकेट अधिकारीले बुधबार बताएका छन् ।

तीन एकदिवसीय र तीन टी-२० खेलसहित यो शृङ्खला अगस्ट १७ देखि ढाकामा सुरु हुने तालिका छ ।

यद्यपि बङ्गलादेश क्रिकेट बोर्ड (बिसिबी) मिडिया कमिटीका अध्यक्ष इफ्तिखार रहमानले यसको भारतीय समकक्ष बिसिसिआईले उहाँहरूलाई भ्रमण ढिलाइ हुनसक्ने जानकारी दिएको बताउनुभयो ।

बिसिसिआईले यस भ्रमणका बारेमा कुनै टिप्पणी गरेको छैन । "यो भ्रमण एफटिपी (अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको भविष्य भ्रमण कार्यक्रम) को हिस्सा हो त्यसैले रद्द गर्ने विकल्प छैन । तर यसलाई पारस्परिक रूपमा सुविधाजनक समयमा पुनर्निर्धारित गर्न सकिन्छ", रहमानले थप विवरण नदिई भन्नुभयो ।

बिसिबीका स्रोतहरूका अनुसार भ्रमण भारत सरकारको सहमतिको सङ्केतको प्रतीक्षामा छ । सन् २०२४ अगस्टमा बङ्गलादेशको जन विद्रोहले तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि ढाका र नयाँदिल्लीबीच हालैको कूटनीतिक तनावपछि यो अनिश्चितता आएको हो ।

बङ्गलादेशले सन् २०२४ सेप्टेम्बर-अक्टोबरमा दुई टेस्ट र दुई टी-२० खेलका लागि भारतको भ्रमण गरेको थियो ।

## गाजामा युद्धविराम गर्न इजरायल सहमत : राष्ट्रपति ट्रम्प

वासिङ्टन डीसी, अमेरिका, १८ असार (रासस/एएनआई) ।
संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार इजरायलले गाजामा ६० दिनको युद्धविरामलाई अन्तिम रूप दिन आवश्यक सर्तहरूमा सहमत भएको बताउनुभएको छ ।

ट्रम्पले हमासलाई युद्धविराम सम्झौता अस्वीकार नगर्न चेतावनी दिँदै अस्विकार गरेमा राम्रो नहुने जनाउनुभएको छ ।

ट्रम्पका अनुसार कतार र इजिप्टले शान्तिका लागि मद्दत र मेहनत गरी, अन्तिम प्रस्ताव दिने र प्रस्तावित युद्धविराम अवधिमा युद्ध अन्त्यका लागि वार्ता जारी रहने पनि उहाँले बताउनुभएको छ ।

उहाँले सामाजिक सञ्जालमा उल्लेख गर्नुभयो, "मेरा प्रतिनिधिहरूले गाजामा आज इजरायलीहरूसँग लामो र फलदायी बैठक गरे । इजरायलले ६० दिने युद्धविरामका लागि अन्तिम रूप दिन आवश्यक सर्तहरूमा सहमति जनाएको छ ।"

उहाँले अगाडि लेख्नुभएको छ, "यस अवधिमा हामी युद्धको अन्त्य गर्न सबै पक्षहरूसँग काम गर्नेछौं । कतार र इजिप्टवासीले शान्तिका लागि अन्तिम प्रस्ताव दिने आशा गर्दछु,। मध्यपूर्वको शान्तिको लागि, हमासले यो सम्झौतामा सहमत हुनेछ ।"

यो घोषणा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको जुलाई ७ मा हुने भनिएको अमेरिका भ्रमणको एक हप्ताभन्दा कम समय बाँकी रहँदा आएको हो ।

# सिटिजन्स बैंकद्वारा विद्यालयलाई पंखा हस्तान्तरण




**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कञ्चनरुप शाखा सप्तरीले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत एक विद्यालयमा १० थान पंखा हस्तान्तरण गरेको छ ।

कञ्चनरुप नगरपालिकाका ४ स्थित राष्ट्रिय आधारभूत विद्यालय परिसरमा आयोजित एक विशेष कार्यक्रम बीच विद्यालयका प्रधानाध्यापक रामनारायण साहलाई १० पंखा हस्तान्तरण गरिएको हो ।

कार्यक्रममा सिटिजन्स बैंक लिमिटेड मधेश प्रदेश इलाका नं. १ का प्रमुख प्रकाश नेपालले सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयका विद्यार्थी र शिक्षकलाई सहज र शीतल वातावरण प्रदान गर्ने उद्देश्यले पंखा सहयोग गरिएको जनाए ।

शाखा प्रबन्धक पारस चौधरीले गर्मीयाममा विद्यार्थीहरूको सिकाइमा सहजता ल्याउन पंखा सहयोग गरिएको बताए । कार्यक्रममा बैंक कञ्चनरुप शाखाका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# 'विद्यालय शिक्षा विधेयक शीघ्र आउँछ'

काठमाडौं, १८ असार (रासस) ।

राष्ट्रियसभाको बुधबारको बैठकमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले सरकारले विद्यालय शिक्षा विधेयक नरोकेकाले शीघ्र आउने स्पष्ट पार्नुभएको छ ।

'विनियोजन विधेयक, २०८२' का सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित शीर्षकमाथि राष्ट्रियसभाका सांसदले उठाउनुभएको जिज्ञासाको जवाफमा उहाँले केही विषयमा सहमति जुटाउनुपर्ने आवश्यकता देखिएकाले केही दिन विधेयक स्थगन गरिएको बताउनुभयो । शिक्षक महासङ्घसँग भएको सहमतिअनुसार यही असार १५ गतेभित्र सो विधेयक प्रस्तुत गर्ने समयसीमा थियो ।

विद्यालय शिक्षा विधेयक विभिन्न समयमा भएका सम्झौता समेट्ने गरी अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो । पछिल्लो पटक शिक्षक महासङ्घसँग भएको नौ बुँदे सहमतिअनुसार केही विषय सम्बोधन भइसकेको र महासङ्घसँग भएको सहमतिअनुसार विद्यालय शिक्षा विधेयक अगाडि बढाइएको उहाँको भनाइ छ ।

महासङ्घसँग भएको नौ बुँदे सहमतिका अधिकांश विषय आगामी आवको बजेटमा समावेश गरिएको शिक्षामन्त्री पन्तले जानकारी दिनुभयो । यो विधेयक आउँदा शिक्षकले मात्रै नभई देश र जनताले जित्ने भएकाले सबैभन्दा बढी ध्यान यसैमा केन्द्रित गरिएको उहाँले उल्लेख गर्नुभयो ।

शिक्षा क्षेत्र मुलुकको विकास र प्रगतिका लागि महत्त्वपूर्ण रहेको आवश्यकता बोध गरी सरकारले आगामी आवका लागि सबैभन्दा बढी बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । आगामी आवका लागि शिक्षा क्षेत्रतर्फ रु दुई खर्ब ११ अर्ब बजेट विनियोजन गरिएको छ । यस्तै, रु सात अर्ब ४७ करोड सहरी विकास मन्त्रालयले विद्यालयको पुनः निर्माणका लागि बजेट विनियोजन गरेको छ । यो क्षेत्र सरकारको उच्च प्राथमिकतामा रहेको उहाँले स्पष्ट पार्नुभयो ।

शिक्षाको बजेट स्थानीय तहले नै खर्च गर्ने भएकाले कुनै असन्तुलन नभएको उहाँको दावी थियो । शिक्षामा २० प्रतिशत बढी बजेट विनियोजन गर्ने वातावरण क्रमशः बन्ने शिक्षामन्त्री पन्तले उल्लेख गर्नुभयो ।

शिक्षा क्षेत्रको सुधारका लागि नयाँ जनशक्ति भर्ना गर्नुपर्ने अवस्था रहेको जानकारी दिँदै मन्त्री पन्तले शिक्षा विधेयकमा महासङ्घसँग भएको सहमतिअनुसार ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुल्ला प्रतिस्पर्धा गर्नेतर्फ मन्त्रालय तयार रहेको बताउनुभयो । महासङ्घसँग आफूले नियमित रूपमा छलफल गरिरहेकाले दीर्घकालीन रूपमा समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

निःशुल्क शिक्षाका लागि आगामी आवमा यथेष्ट बजेट विनियोजन गरिएको, दिवा खाजालगायत कार्यक्रम अगाडि सारिएको उहाँको कथन छ । यस्तै, निजी लगानीमा सञ्चालित विद्यालयलाई नियमनको दायरामा ल्याउन सरकारले आवश्यक पहल गरेको उहाँले स्पष्ट पार्नुभयो । मुलुकको शैक्षिक सुधार, शैक्षिक वातावरण बनाउन सरकार गम्भीरतापूर्वक लागेको मन्त्री पन्तले उल्लेख गर्नुभयो ।

# भन्सार विधेयक राष्ट्रियसभाबाट पारित

काठमाडौं, १८ असार (रासस) ।

भन्सार विधेयक, २०८० राष्ट्रियसभाबाट पारित भएको छ ।

बुधबारको बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले 'प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त भन्सार विधेयक, २०८० लाई पारित गरियोस्' भन्ने प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसहमतिले पारित भएको हो ।

उक्त प्रस्ताव पेस गर्नुहुँदै अर्थमन्त्री पौडेलले नयाँ कानुन कार्यान्वयनपछि भन्सार चुहावट नियन्त्रण, प्रविधिको प्रयोग बढाउने, भन्सार जाँचपास छिटोछरितो र प्रभावकारी ढङ्गले काम गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको क्योटो महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो ।

नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार सङ्गठको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो । यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधान सदस्य भएको तीन वर्षभित्र तथा सङ्क्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ ।

त्यस्तै, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधान भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो । यो ऐन प्रमाणीकरण भएको मितिले ९१औं दिनदेखि लागू हुनेछ ।

### *'ग्रे लिस्ट' बाट ...*

खैरो सूची (ग्रे लिस्ट)मा रहेको र मुलुकलाई सघन निगरानी सूचीबाट हटाउन सुनचाँदीलगायतका गरगहनामा विलासिता कर लगाउनु परेको बताउनुभएको छ ।

विनियोजन विधेयक, २०८२ माथि राष्ट्रियसभामा उठेका प्रश्नहरुको जवाफ दिनेक्रममा अर्थमन्त्री पौडेलले नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर निकाल्न सुनचाँदी तथा गरगहना खरिद-बिक्रीको कारोबारलाई पारदर्शी बनाउन आवश्यक रहेको बताउनुभएको हो । आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले सबै प्रकारका गरगहना र सुनचाँदी खरिदमा विलासिता कर लगाउने निर्णय गरेको थियो ।

"पहिले पनि रु १० लाखभन्दा माथिको कारोबारमा दुई प्रतिशत विलासिता कर लाग्दै आएको थियो । अहिले त्यसमा लगाइएको सीमा (थ्रेसहोल्ड) हटाइएको मात्र हो", अर्थमन्त्री पौडेलले भन्नुभयो, "हामी सम्पत्ति शुद्धीकरण मामिलामा एफएटिएफको सघन निगरानी सूचीबाट बाहिर निस्कनका लागि सुनको कारोबार पारदर्शी बनाउन आवश्यक थियो ।

सुनलगायतका वस्तुको कारोबारमा शुद्धता होस् र सम्पत्ति शुद्धीकरणको रकम त्यहाँ लगानी नहोस् भनेर विसासिता शुल्क लगाइएको हो ।" विलासिता करका विषयमा सुनचाँदी व्यवसायीहरुले विरोध जनाइरहेकोमा उनीहरुसँग छलफल भइरहेको र चाँडै सार्थक निष्कर्ष निस्कने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

### *'बजेट तथा ...*

कार्यक्रम सम्बन्धमा आएका सल्लाह-सुझावले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आगामी आवको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने आशा राख्नुभयो ।

### *'साइबर जोखिमको ...*

निर्माणका लागि चलचित्र विकास बोर्डमा पोस्ट प्रोडक्सन ल्याब स्थापनाको कार्य प्रारम्भ भएको छ । बक्स अफिस प्रणालीलाई स्तरोन्नति गर्दै लगिएको र यसका लागि चलचित्रसम्बन्धी विधेयक सङ्घीय संसद्मा दर्ता भइसकेको मन्त्री दाहालले बताउनुभयो ।

उहाँले नागरिकता, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, सवारीधनी प्रमाणपत्र नेपालमै छपाइ सुरू गरिएको र सुरक्षण मुद्रण केन्द्रबाट सवारी चालक अनुमतिपत्र छपाइ गर्ने कार्य प्रारम्भ गरिएको बताउनुभयो ।

# निजामती विधेयकको प्रावधान परिवर्तन गर्नेलाई कारबाही गर्नुपर्ने माग

काठमाडौं, १८ असार (रासस) ।

प्रतिनिधिसभाका सांसदहरूले प्रतिनिधिसभाबाट पास गरिएको निजामती कर्मचारी सेवा विधेयकमा केही प्रावधान परिवर्तन गर्ने दोषीलाई कारबाही गर्नुपर्ने माग गरेका छन् ।

कानुन, न्याय तथा मानवअधिकार समितिको बुधबारको बैठकमा सांसदहरूले राज्य व्यवस्था तथा सुशासन समिति र समितिका कर्मचारीले 'कुलिङ प्रिरियड'लाई परिवर्तन गरेर संसदीय अभ्यासलाई नै बदनाम गर्ने काम भएको भन्दै दोषीमाथि कडा कारबाहीको माग गरेका हुन् ।

सांसद शेरबहदुर कुँवरले राज्य व्यवस्था समितिबाट पास भइसकेपछि पनि सो समितिले निजामती विधेयकमा कतिपय प्रावधानलाई परिवर्तन गरेर सिङ्गो संसद् र सांसदलाई बदनाम गर्ने काम गरेको भन्दै आपत्ति जनाउनुभयो ।

राज्य व्यवस्था समितिले 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन' भन्ने व्यवस्था गरेको थियो । त्यसलाई खण्डित गर्नेगरी दफा ८२, (५), (क) मा 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा' मात्र नियुक्ति लिन नपाइने भन्ने व्यवस्था गरी 'कुलिङ अफ पिरियड' को व्यवस्थालाई थप परिभाषित गरेको उहाँको भनाइ छ ।

सांसद नैनकला थापाले रोजगारीको सिलसिलामा कुवेत गएका ११ जना महिला अलपत्र परेका जनाउँदै तत्काल उद्दारका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद चन्द्रबहादुर विश्वकर्माले भारतसँग जोडिएका सिनामामा अतिक्रमण बढ्दै गएको बताउँदै सीमा समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिनुभयो । सांसद सुशीला थिङले बर्षातको समयसँगै मुलुकका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानका कारण मानवीय क्षति भएकोबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-
- इन्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*